स्थानीय राजपत्र फेदेन

फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ फिदिम, पाँचथर भदौ ०७ गते २०७९ संख्याः४


# भाग–२

## फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

फिदिम नगरपालिका

# मर्मत संभार कोष संचालन कार्यविधि, २०७९

# फिदिम नगरपालिका मर्मत संभार कोष संचालन कार्यविधि, २०७९

**प्रस्तावना :**

सामाजिक र आर्थिक विकासको लागि पुर्वाधारले महत्वपुर्ण भूमिका खेलेको हुन्छ। गुणस्तरिय भौतिक पुर्वाधार विकासको मुल आधार हो। दिगो बिकासका लागि गुणस्तरिय पूर्बाधारको बिकास गर्न नगर क्षेत्रमा निर्माण भएका निर्मित पुर्वाधार लाई नियमित र दिगो बनाउनका लागि मर्मत सम्भार कोष स्थापनाको लागि कानूनी ब्यबस्था गर्न वाञ्छनीय भएकोले, फिदिम नगरपालिका प्रशासकीयकार्य फछ्र्यौट ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो कार्यबिधि बनाई लागु गरेको छ।

## परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारंभ :**

क)यो कार्यबिधिको नाम "फिदिम नगरपालिका मर्मत सभार कोष सञ्चालन कार्यबिधि २०७९" रहेको छ।

ख) यो कार्यबिधि तुरुन्त लागु हुनेछ।

२. परिभाषा :

क)"कार्यबिधि"भन्नाले फिदिम नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यबिधि २०७९ लाई बुझाँउने छ ।

ख) "नगरपालिका" भन्नाले फिदिम नगरपालिका बुझाँउने छ ।

ग) "स्थानीय तह " भन्नाले गाउँ पालिका तथा नगरपालिका लाई बुझाँउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले फिदिम नगरपालिका क्षेत्रभित्र टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट योजना संचालन गर्न बनेको समिति भन्ने बुझाँउने छ ।

ङ)"कार्यालय" भन्नाले फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई बुझाउद छ ।

च) "कार्यपालिका" भन्नाले फिदिम नगरकार्यपालिका लाई बुझाउद छ ।

छ) "नगर प्रमुख " भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई बुझाउद छ ।

ज)"प्रमुख प्रशाशकिय अधिकृत "भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम प्रशाशकीय प्रमुखको काम गर्न तोकिएको अधिकृत लाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

### ३. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ :

१ नगर प्रमुख — अध्यक्ष

२ नगर उपप्रमुख — सदश्य

३ पुर्वाधार विकास समितिको संयोजक सदस्य

४ वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक सदस्य

५ प्रमुख प्रशासकिय अधिकृत — सदस्य

६ नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट समितिले तोकेको १ जना महिला सदश्य — सदस्य

७ प्राबिधिक शाखा प्रमुख — सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

ङ) बैठक सम्बन्धि अन्य ब्यबस्था समिति आफैले ब्यबस्थापन गर्न सक्नेछ ।

च दफा ७ मा उल्लेखित मर्मत सम्भारको लागि प्राथमिकता तोक्दा समितिले स्थलगत अनगमन समेत गर्नपर्नेछ।

## परिच्छेद ३

**४.कोष स्थापना :**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट मर्मत संभारको लागि तोकिएको प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट मर्मत संभारको लागि तोकिएको प्राप्त हुने रकम ।

ग) नगरसभाबाट मर्मत संभारको लागि विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट मर्मत संभारको लागि प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको १% ले हुन आउने रकम ।

च) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

छ) विविध ।

**५.कोष सञ्चालन**

क) कोषको नाममा प्राप्त हुन आएको रकम फिदिम नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ॥

## परिच्छेद – ४

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१) सडक, कल्भेट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

५) अन्तर स्थानीय तह बिच संयुक्त रुपमा सञ्चालन भएका योजना तथा कार्यकम हरुको मर्मत सम्भार सम्बन्धि कार्य गर्न ।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, बाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भईआएका योजनाहरुर नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) नगर यातायात गरुयोजना मा परेका सडकहरु ।

ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ )मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जंनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्य प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद – ५

**९. संसोधन वा खारेजी :**

क) मर्मत सम्भार कोष संचालन कार्यबिधि संसोधन वा खारेज गर्ने अधिकार नगरकार्यपालिकामा निहित हुनेछ ।

ख) यो कार्याबिधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यबिधि अनुसार उल्लेखनभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यबिधिमा लेखिएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

**आज्ञाले,**
**गणेश प्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**